संवत् २०८३ सालको ऐन नं.....

प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ लाई संशोधन गर्न बनेको विधेयक

प्रस्तावना : प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "प्रतिनिधि सभा सदस्य निर्वाचन (पहिलो संशोधन) ऐन , २०८३" रहेको छ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ।

२. **प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को अनुसूची-१ मा संशोधन** : प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ को अनुसूची-१ को सट्टा देहायको अनुसूची-१ राखिएको छ:

"अनुसूची-१

(दफा २८ को उपदफा (५) र दफा ६० को उपदफा (६) सँग सम्बन्धित)

<u>उम्मेदवारको बन्दसूचीको लागि समावेशी आधार</u>

क्र.सं.	प्रतिनिधित्व हुने समूह	प्रतिशत
१.	दलित	१३.४४
२.	आदिवासी जनजाति	२८.७२
३.	खस आर्य	३०.२८
४.	मधेशी	१६.१५
५.	थारु	६.५२
६.	मुस्लिम	४.८९

"

३. **<u>खारेजी र बचाउ</u>** : (१) प्रतिनिधि सभा सदस्य निर्वाचन (पहिलो संशोधन) अध्यादेश, २०८२ खारेज गरिएको छ।

(२) उपदफा (१) बमोजिमको अध्यादेश बमोजिम भए गरेका काम कारबाही यसै ऐन बमोजिम भए गरेको मानिनेछ।

संवत् २०८३ साल जेठ १२ गते बसेको प्रतिनिधि सभाको बैठकले संशोधन बिना विधेयक पारित गरी राष्ट्रिय सभामा पठाएकोमा संवत् २०८३ साल जेठ १७ गते बसेको राष्ट्रिय सभाको बैठकले संशोधन बिना विधेयक पारित गरी फिर्ता पठाएको बेहोरा नेपालको संविधानको धारा ११३ को उपधारा (१) बमोजिम प्रमाणित गर्दछु।

(डोल प्रसाद अर्याल)
सभामुख
प्रतिनिधि सभा
मितिः २०८३/०२/१७

प्रतिनिधि सभाका सभामुखबाट प्रमाणित यो विधेयक नेपालको संविधानको धारा ११३ को उपधारा (२) बमोजिम प्रमाणीकरण गर्दछु।

.....
(रामचन्द्र पौडेल)
राष्ट्रपति
मितिः २० / /